5. निम्नलिखित कुनै एउटा प्रश्नको उत्तर लेख : 14

(क) 'मुटुको व्यथा' नाटक एक सामाजिक दुःखान्त नाटक हो भन्नेबारे चर्चा गर।

(ख) नेपाली कविताको विकासमा लक्ष्मीप्रसाद देवकोटाको योगदानबारे चर्चा गर्दै उनको स्थान निर्धारण गर।

(ग) माधवप्रसाद घिमिरेको काव्य-प्रवृत्ति र नेपाली साहित्यमा उनले दिएको योगदानबारे चर्चा गर।

★★★





**2 0 2 3**

NEPALI

Paper : NEPCS2026

**( Modern Nepali Poetry and Drama )**

*Full Marks : 80*
*Pass Marks : 32*

*Time* : 3 hours

*The figures in the margin indicate full marks for the questions*

1. निम्नलिखित कुनै **छवटा** प्रश्नको सही उत्तर छनौट गर : 1×6=6

(क) 'मुटुको व्यथा' नाटकको प्रकाशन काल कुन हो?

(i) वि० सं० 1980
(ii) वि० सं० 1986
(iii) वि० सं० 1989
(iv) वि० सं० 1995

(ख) 'वैशाख' कवितामा प्रयुक्त छन्दको नाम के हो?

(i) मन्दाक्रान्ता
(ii) स्रग्धरा
(iii) वसन्ततिलका
(iv) पञ्चचामर

(ग) शिराज कुन नाटकको पात्र हो?

*(i)* मुटुको व्यथा

*(ii)* प्रह्लाद

*(iii)* निस्तेज तस्वीर

*(iv)* मसान

(घ) तलका कुन साहित्यकारलाई नाट्यसम्राट भनी चिनिन्छ?

*(i)* मनबहादुर मुखिया

*(ii)* शेरमान थापा

*(iii)* गोपालप्रसाद रिमाल

*(iv)* बालकृष्ण सम

(ङ) लेखनाथ पौडेललाई कुन उपाधिले विभूषित गरिएको छ?

*(i)* कवि शिरोमणि

*(ii)* राष्ट्रिय कवि

*(iii)* स्वर सम्राट

*(iv)* महाकवि

(च) 'जुम्ला'-को दृश्य कुन नाटकमा देखाइएको छ?

*(i)* अनि देउराली रुन्छ

*(ii)* भोको घर

*(iii)* मुटुको व्यथा

*(iv)* निस्तेज तस्वीर





(छ) तलको कुन कविता पुष्पलाल उपाध्यायको होइन?

*(i)* रमाइलो तेजपुर

*(ii)* युग सन्देश

*(iii)* मेरो देश

*(iv)* प्रभात मञ्जरी

(ज) युद्धवीर राणाद्वारा रचित कविता कुन हो?

*(i)* आह्वान

*(ii)* काम्य

*(iii)* भिक्षा

*(iv)* यात्री

(झ) लेखनाथ पौडेल कुन धाराका कवि हुन्?

*(i)* स्वच्छन्दतावादी

*(ii)* परिष्कारवादी

*(iii)* प्रयोगवादी

*(iv)* प्रगतिवादी

(ञ) 'गोरस'-को अर्थ के हो?

*(i)* पानी

*(ii)* मोइ

*(iii)* दही

*(iv)* दूध

**2.** निम्नलिखित कुनै **पाँचवटा** प्रश्नको अति संक्षिप्त उत्तर लेख : 2×5=10

(क) "टाल्दा टाल्दै टाल्ने ठाउँ नै हराइसक्छ
र पनि नटाली धर छैन।"

—यो कवितांश कुन कविताबाट उद्धृत गरिएको हो र यसका कवि को हुन्?

(ख) रिक्त स्थान पूर्ण गर :

"हाडहरूको सुन्दर _____
मांस पिण्डको _____!"

(ग) "लाऊँ कानैतिर भनि टिपिन् गुर्सिनीले गुराँस"
यसका कवि को हुन्? 'गुर्सिनी' भनेको के हो?

(घ) 'मुटुको व्यथा' नाटकमा कति अङ्क र कति दृश्य छन्?

(ङ) पुष्पलाल उपाध्यायका दुईवटा कविता-संग्रह के-के हुन्?

(च) "धनको चाहवा छैन, मन साझा भए पुग्यो,
धुरी चाहिन्न धनको, खालि पेट भरे पुग्यो।"
'मुटुको व्यथा' नाटकको यो कथन कसले कसलाई भनेको हो?

(छ) लक्ष्मीप्रसाद देवकोटाका कुनै दुई काव्य-कृतिको नाम लेख।

**3.** निम्नलिखित कुनै **छवटा** प्रश्नको उत्तर लेख : 5×6=30

(क) "नगर स्वर्णपत्र र ताम्रपत्रका कुरा यहाँ
छैन कतै बिराएर ढुंगामा पनि खोपिएको
तिम्रा पुर्खाको इतिहास यहाँ!"

यस कवितांशमा कविले कस्तो भाव प्रकट गर्न खोजेका छन्? लेख।





(ख) 'यात्री' कवितामा कविले यात्रीलाई के कुरा भन्न खोजेका छन्? स्पष्ट पार।

(ग) 'वैशाख' कवितामा कविले मानव जीवन र वैशाखबीच कस्तो सामञ्जस्यता देखाउन खोजेका छन्? व्याख्या गर।

(घ) 'सिर्ज एउटा कागजको इतिहास तिम्रा यी पुर्खाको' कवितामा कविले कस्तो इतिहास सिर्जना गर्न आह्वान गरेका छन्?'

(ङ) 'भारती'-को चरित्र-चित्रण गर।

(च) डा० नीलको परिचय देऊ।

(छ) 'आसाम र हाम्रा पुर्खा' कवितामा असमेली नेपाली जीवनको चित्रण कसरी गरिएको छ?

(ज) 'आह्वान' कविताको मूलभाव लेख।

(झ) कवि भविलाल लामिछानेको परिचय दिँदै उनका साहित्यिक कृतिहरूको सूची तयार गर।

(ञ) 'यो जिन्दगी खै के जिन्दगी'-को सारांश लेख।

**4.** निम्नलिखित कुनै **दुईवटा** प्रश्नको उत्तर लेख : 10×2=20

(क) बालकृष्ण समको नाट्यकारिताबारे चर्चा गर।

(ख) लेखनाथ पौडेलको कवितात्मक प्रवृत्ति के-कस्तो छ, छलफल गर।

(ग) हरिभक्त कटुवालको काव्य-प्रवृत्तिबारे चर्चा गर।

(घ) 'निस्तेज तस्वीर' नाटकको समीक्षा प्रस्तुत गर।